श्रीमती विद्यादेवी भण्डारी
Mrs. Bidya Devi Bhandari
पूर्व राष्ट्रपति, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल
Former President, Federal Democratic Republic of Nepal

बुढानीलकण्ठ नगरपालिका-२,
चपली, काठमाडौं ।
इमेलः bidyadevibhandari8@gmail.com

# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८० को शुभकामना

संविधान दिवस तथा राष्ट्रिय दिवस २०८० को अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाली जनताको बलिदानीपूर्ण संघर्षको प्रतिफलस्वरूप निर्वाचित संविधानसभाबाट नेपालको संविधान जारी भएको आठौँ वर्ष पूरा भई नवौं वर्षमा प्रवेश गर्दैछ । नेपाली जनताको देशभक्तिका सामु उपस्थित गम्भीर चुनौतीहरूलाई बलियो नेतृत्वका माध्यमबाट परास्त गर्दै संविधान जारी हुनु तत्कालीन अवस्थामा ठूलो उपलब्धि थियो भन्नेमा दुईमत छैन । हाम्रो संविधानले सबै प्रकारका सामाजिक विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई वृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको छ ।

त्यसैगरी संविधानले सामाजिक न्यायमा आधारित समतामूलक समाजको परिकल्पनालाई साकार बनाउन समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि मार्गदर्शन गरेको छ । उक्त लक्ष्य हासिल गर्न मुलुकमा उपलब्ध प्राकृतिक स्रोत तथा उर्जाशील युवाशक्तिसहित मानवीय संसाधनको दिगो सदुपयोग गर्दै कृषि, वन, जलस्रोत र पर्यटनमा आधारित उद्यमशीलताको विकासमार्फत स्वावलम्बी राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नु आवश्यक छ । यसैगरी, संविधानद्वारा सुनिश्चित गरिएका मौलिक अधिकारहरूको कार्यान्वयन गरी राज्यबाट प्राप्त हुने सेवा र सुविधाहरूमा सबै नागरिकको समान पहुँच स्थापित गर्नु पर्दछ ।

मुलुकको वृहत्तर हित र राष्ट्रिय विकासका लागि संविधान केवल साधन मात्र हो । त्यस साधनको विवेकपूर्ण उपयोग गरी जनता र राष्ट्रको समग्र भलाईमा केन्द्रित हुनुपर्ने जिम्मेवारी राजनीतिक नेतृत्वको काँधमा हुन्छ । नेतृत्वले जनताको विश्वास आर्जन गर्न नसकेको अवस्थामा संविधानका सुन्दर अक्षरहरू निष्प्राण बन्न पुग्दछन् र जनताको विश्वास समेत धर्मराउन थाल्दछ । समाजमा देखिने आत्मकेन्द्रित प्रवृत्ति, भ्रष्टाचार, गलत आचरण र अनुचित कार्यहरूले जनताको बलिदानबाट निर्मित संविधान र राजनीतिक प्रणालीलाई कमजोर बनाउँदछन् । यस्तो बेलामा, नेपाली समाजमा सदियौँदेखि कायम रहेको सामाजिक सद्भाव र सहिष्णुता बिथोल्ने, नेपाली जनतालाई एकअर्काविरुद्ध उभ्याउने र राष्ट्रलाई कमजोर बनाउने अवान्छित प्रयासहरू समेत हुन सक्दछ । यस्ता संवेदनशील विषयहरूमा गम्भीर चिन्तन र आत्मसमीक्षा गर्दै विगतका कमीकमजोरीहरूमा सुधार गर्ने तथा आगामी दिनमा नयाँ कार्ययोजनासहित राष्ट्रलाई जनताको सपनासँग जोड्ने कार्यमा लाग्न हामी सबैलाई संविधान दिवसले अभिप्रेरित गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८० असोज ३ गते बुधबार ।